निर्णयहरूः-

१. कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश "कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८" बैठकमा छलफल गरियो । अध्यादेशमा उल्लेख भएका व्यवस्थाहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. कोभिड-१९ को संक्रमणबाट मृत्यु भएकाहरूको शव व्यवस्थापन गर्ने सन्दर्भमा शव व्यवस्थापन खर्च नेपाल सरकारले ने व्यहोर्ने नीति रहेकोले सम्बन्धित व्यक्तिबाट यस्तो खर्च नलिई नेपाल सरकारबाट निकासा नहुन्जेल प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी संघ संस्थासँग आवश्यक समन्वय गरी शव व्यवस्थापन लगायत अन्य आवश्यक व्यवस्था मिलाउनु हुन भनी श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३२७०, मिति २०७८-०२-०६ को पत्रबाट लेखि आएको हुँदा सोहीबमोजिम आवश्यक व्यवस्था मिलाउने ।

३. कोरोना उपचारको नाममा जथाभावी रकम जम्मा गर्ने कार्यलाई निरूत्साहित गर्न जरूरी देखिएकोले यस्ता कार्य नगर्न, नगराउन आ-आफ्नो जिल्लाका सबै सरोकारवालाहरूलाई जानकारी गराई कसैले स्वेच्छिकरूपमा यस प्रकार रकम जम्मा गर्न चाहेमा राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, परिसर शाखामा रहेको **कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको** खाता नं. १९६००००११०१ मा रकम जम्मा गर्ने व्यवस्था मिलाउन हुन भनी श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. २०७८-०२-०५ को पत्रबाट लेखि आएको हुँदा स्वेच्छिकरूपमा रकम जम्मा गर्न चाहनेहरूलाई उल्लेखित कोषको खातामा रकम जम्मा गर्न सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी